# स्थानीय तह शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

## २०७८

देवताल गाउँपालिका

बारा

मिति:२०७८ चैत्र

# विषयसूची


१. पृष्ठभुमी

२. शैक्षिक अवस्था

३. विपदको अवस्था (कोरोनाको महामारी, बाढी पहिरो, हावाहुरी, चटयाङ, भुकम्प, शितलहर) विश्लेषण

४. पुर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

५. योजनाको कार्यनीती

६. विस्तृत क्रियाकलाप

७. सम्भावित चुनौति र समाधानका उपाय

८. समन्वय र सहकार्य

९. अनुगमनप्रक्रिया

१०. पुनरावलोकन

११. स्रोत नक्सांकन

१२. स्थानीय तह शिक्षा क्लस्टरको विवरण :

## १.पृष्ठभूमी

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र अन्तर्गत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२ कार्यान्वयन भइरहेका छन् । हाल पालिकाले बिद्यालयमा अइपर्ने विभिन्न प्रकारका जोखिमबाट बिद्यार्थीको पठनपाठन र सिकाइलाइ निरन्तरता दिनकालागि विभिन्न निकायहरूको सहकार्य र सहयोगमा यो शिक्षा प्रतिकार्य योजना पनि तयार गरेको छ ।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय

देवताल गाउपालिका नेपालको साविकको मध्यमाञ्चल बिकास क्षेत्र, नारायणी अञ्चल अन्तरगत पर्ने बारा जिल्लामा पर्दछ । मधेश प्रदेशमा अवस्थित यस पालिका, साविकको पिप्राढी, बडकी फुलवरिया, दक्षिण झिटकैया, रौवाही, पिपरपाती जब्दी गाविसको सम्पुर्ण वडाहरु मिलाई यस पालिकाको पुनरसंरचना गरिएको छ । यस पालिकाको पुर्वमा सुवर्ण गाउपालिका, पश्चिम र उत्तरमा मा कलैया उप-महानगरपालिका , र दक्षिणमा भारतको सिमाना रहेको छ ।

कुल क्षेत्रफल २३.३१ वर्ग किलोमिटर रहेको यस गाउँपालिकामा सदरमुकाम सम्म जोड्ने सडक तथा ग्रेभल सडकबाट कलैया हुदै महागड पत्रहटि हुदै प्रवेश गर्न सकिन्छ । यस पालिकामा ७ वटा वडा कार्यालयहरु स्थापना भएका छन् । वडा नं.१ को वडा कार्यालय बडकी फुलवरिया , वडा नं.२ को वडा कार्यालय बडकी फुलवरिया, वडा नं.३ को कटहरिया र ४ को वडा कार्यालय पिप्राढी, वडा नं ५ को पिप्राढी , ६ को वडा कार्यालय रौवाही वडा नं ७ को पिपरपाती जब्दी , वर्डामा अवस्थित छन् । यस नगर क्षेत्रमा इलाका प्रहरी कार्यालय, शशस्त्र प्रहरी कार्यालय, पशुसेवा केन्, प्राथमिक स्वास्थ्य केन्, नगरपालीका कार्यालय र उच्च माध्यामिक तह सम्म पढाइ हुने १३ वटा सरकारी विद्यालयहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ को अनुसार २३२२३ जनसंख्याको यहा बसोबास रहेको छ । यस नगरपालिकामा मुख्य रुपमा थारु समुदायको बसोबास रहेको छ भने अन्य सम्पुर्ण समुदायको मिश्रित रुपमा बसोबास रहेको छ।

## १.३ देवताल गाउँपालिकाको **शैक्षिक अवस्था**

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रांरम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालनभएका

निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् ।यसै गरी कोल्हवी नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्दती सञ्चालनमा आएका छन्। यस खण्डमा देवताल गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

## १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार/कार्यहरु प्रदान गरे अनुरुप यस पालिकाले शैक्षिक गुणस्तर घोषणा पत्र २०७६,शिक्षक दरबन्दी मिलान कार्यबिधि २०७६, दिवा खाजा कार्यविधि,२०७६, देवताल गाउपालिका बिद्यालय शिक्षा सञ्चालन,ब्यबस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यबिधि–२०७७, शिक्षा ऐन २०७७, शिक्षा प्रतिकार्य येजना निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

## १.३.२ बिद्यालयको वर्तमान अवस्था

| तहगत/कक्षागत विद्यालय | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| आधारभूत तह | | | | |
| कक्षा (१-६) | १ | ० | | |
| कक्षा (१-७) | १ | ० | ० | |
| कक्षा (०-५) | ७ | ० | | |
| कक्षा (१-५) | १ | ० | ० | |
| कक्षा (०-३) | | | | |
| बालविकास केन्द्र | ० | ० | ० | |
| जम्मा | | | | |
| माध्यमिक तह | | | | |
| कक्षा (१-१०) | १ | ० | ० | |
| कक्षा (०-१०) | २ | ० | ० | |
| जम्मा | | | | |
| कुल जम्मा | १३ | | | |

२. शैक्षिक विवरण

२.१ बालबालिका विवरण

| बालविकास | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २५१ | २२२ | ४७३ | १७४१ | १३३० | ३०७१ | ४८४ | ४०४ | ८८८ | १३२ | १७२ | ३०४ |
| | | | | | | | | | | | |

२.२ अपाङ्गता भएका बालबालिकाको विवरण

| बालविकास | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |

२.३ शिक्षक विवरण

| बालविकास | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ११ | - | ११ | १६ | ४९ | ६५ | २ | १३ | १५ | ० | २ | २ |
| | | | | | | | | | | | |

**३. विपदको अवस्था (महामारी (कोरोना, बाढी पहिरो, हावाहुरी, चटयाङ, भुकम्प, शितलहर)विश्लेषण**

विपदको परिभाषाःसामान्य अवस्थामा भएको मानविय जिवनलाई आकस्मिक कुनै घटना घटी जनजीवन असामान्य अवस्थामा आउँछ भने त्यसलाई विपद् वा प्रकोप भनिन्छ ।

**प्रकोपका विशेषताहरुः-**

१. साधारण जीवनलाई भङ्ग गर्नु ।

२. मानविय असर ।

३. सामाजिक संरचनामा असर ।

४. वातावरणीय क्षति ।

५. समाजको आवश्यकता

- बाढीरपहिरो
- भूकम्प
- ज्वालामुखी
- खडेरी
- हुरीबतास
- आगलागी
- चट्‌याङ
- अतिवृष्टि, अनावृष्टि
- शीतलहर
- आम हड्‌ताल, हुलदंगा

- आतंकवाद
- सामाजिक द्वन्दरयुद्ध
- विष्फोटन
- आगजनी
- सडक दुर्घटन ार हवाई दुर्घटना
- आणविक एवं औद्योगिक दुर्घटना
- महामारी
- जलवायु परिवर्तन

**जोखिमका तत्वहरू:**

मानिस, समुदाय, भवनहरु, खेति, संरचनाहरु वा सामजिक संरचनाका अंगहरु जो पहिचान गरीएका प्रकोपहरु बाट प्रभावित हुन सक्दछन वा तिनीहरुलाई विपद्ले प्रत्यक्ष वा अप्रत्यक्ष असर गर्न सक्दछ ।

**पालिकाबाट महामारीबाट हुने प्रभाब कम पार्न गरेका प्रयासहरू**

- आधुनिक उद्धार उपकरणहरुको व्यवस्थापन ।
- विद्यालय क्लब तथा समुदायसंग आवश्यक समन्वय गरी विपद् जोखिम न्यूनिकरण जनचेतना अभियान कार्यक्रम संचालन ।
- विपद् व्यवस्थापन कार्यमा क्रियाशिल विभिन्न सरकारी तथा गैरसकारी निकायहरुसंग समन्वय तथा सहकार्य गरिएको।
- नगरस्तरीय विपद ब्यबस्थापन शाखा र समिति गठन गरी बिभिन्न सहयोग भएको ।

- बिद्यालयमा विपद ब्यबस्थापनको लागि फोकल शिक्षक तोकिएको ।
- कोरोना महामारीबाट बच्ने उपायबारे अवगतका लागि प्रचार,प्रसार,अभिमुखीकरण,र बिद्यालयहरू बन्द भएका ।
- संक्रमितलाइ उचितब्यबस्थापन सहितको क्वारेन्टिनको ब्यबस्था ।
- बिद्यालयहरूमा नेट जडान गरी अनलाइन शिक्षाको तयारी भएको ।

उदेश्यः

बालबालिकालाइ कोभिड-१९को संक्रमण र जोखिमबाट जोगाइ उनीहरूको सिकाइमा निरन्तरताको लागि मार्गदर्शन प्रदान गर्नकालागि तयार पारिएको यस शिक्षा प्रतिकार्य योजनाका अन्य उद्देश्यहरू निम्नलिखित छन्।

क. कोभिड १९ को संक्रमणका बेलामा पनि बालबालिकाको सिकाइलाइ निरन्तरता दिनु।

ख.कोभिड -१९ को संक्रमणबाट बालबालिकालाइ बचाउनु ।

ग. बालबालिकाको सिकाइका लागि अभिभावकलाइ सक्रिय बनाउनु ।

घ.सिकाइकालागि शिक्षाका बैकल्पिक माध्यमको प्रयोगमा जोड दिनु ।

ङ.बिद्यर्थी,शिक्षक र अभिभावकलाइ मनोसामाजिक परामर्श र सहयोग प्रदान गर्नु ।

च.बालबालिकाको सिकाइ निरन्तरताको लागि सबै सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्नु ।

६.योजनाका कार्यनिती

- यस शिक्षा प्रतिकार्य योजनाको उदेश्यशरू पूरा गर्न निम्नबमोजिमका कार्यनीति रहेका छन् ।
- बालबालिकाको सिकाइ निरन्तरताका लागि टेलिसिकाइमा जोड दिइने छ ।

- सबै बिद्यलयमा स्वास्थ्य तथा सरसफाइका सामाग्रीको ब्यबस्थापन गरिने छ ।
- निस्चित समयाबबिधको अन्तरमा बिध्यर्थी तथा शिक्षकको स्वास्थ्य जाँचको ब्यबस्था मिलाइने छ ।
- अभिभावब समुह गठन गरी अभिभावक शिक्षा संचालन गरिने छ।
- सिकाइकालागि मोवाइल,टेलिभिजन,टेलिफोन,सियुजी सिम जस्ता अधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- बिदयर्थी,शिक्षाक र अभिभावकलाइ मनोसामाजिक परामर्श सहयोग वस्ता कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकाको सिकाइ निरन्तरताको लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिने छ ।
- हाल प्रत्यक्ष र नियमित रूपमा सञ्चालन भइरहेका बिद्यालयहरू कोभिड-१९ का कारण बन्द भएमा निम्नानुसारका कार्यक्रम सञ्चालन गररिने छ ।

## ७ विस्तृत क्रियाकलाप विवरण

| क.स | क्रियाकलाप | प्रक्रिया (कसरी) | समय ( कहिले ) | जिम्मेवारी | स्रोत साधन | | | मापन सुचकहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पलिका | प्रदेश | संघ | संघ संस्था |
| १. | पुर्ण निषेधाज्ञाभएको अवस्था | | | | | | | |
| क | टोल सिकाइ कार्यक्रम | शिक्षकमार्फत वा टोल सिकाइ संयोजक बनाइ बिद्यार्थीको टोलमा अस्थाइ सिकाइ केन्द्र स्थापना गरी स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाइ सिकाइ सहजीकरण गर्ने । | निरन्तर | शिक्षक,प्रअ. बिब्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | निशुल्क | | | |
| | गृह बिद्यालय सञ्चालन | प्रत्यक बिद्यार्थीको घरमा माथिल्लो कक्षामा पढ्ने अभिभावकलाइ अभिमुखीकरण गर्ने र गृह बिद्यालय शिक्षासञ्चालन गर्ने,शिक्षकले सहयोग र अनुगमन गर्ने । | निषेधज्ञा अवधिभर | शिक्षक,प्रअ, बिब्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | निशुल्क | | | |
| | स्वअध्ययन सामाग्री वितरण गर्ने | नेपाल सरकार र शिक्षा समुहबाट प्रकाशित अभिभावकको सहयोगमा बालबालिकालाइ घरमा गर्न सकिने स्वअध्ययन | | शिक्षक,प्रअ, बिब्यस,शिअ सं,वडा | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छपाइ सामाग्री छपाइ गरी वितरण गर्ने र बेलाबेलामा अनुगमन गर्ने | | कार्यालय र नगरपालिका | | | | |
| | शिक्षकबाट घरदैलो शिक्षा कार्यक्रम | शिक्षकबाट बालबालिकालाइ घर मै गर्न सकिने परियोजना कार्य दिइ हसाको एक पटक शिक्षक घर मै पुगेर जाँच गर्ने र थप सल्लाह सुझाब दिने । | हसाको एकपटक | शिक्षक,प्रअ, बिव्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |
| | रेडियो शिक्षा कर्यक्रम | बिभिन्न स्थानीय रेडियो,टेलिभिजनमा पहुँच भएका बालबालिकालाइ रेडियो,टिभिबाट प्रसारण हुने शैषिक कार्यक्रमको समय तालिका दिइ सुन्न रहेर्न प्रेरित गर्ने र अभिभावक सोधपुछ र अनुगमन र सहयोग गर्ने | निरन्तर | शिक्षक,प्रअ, बिव्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |
| | सियुजी सेवा विस्तार कार्यक्रम | सामुदयिक बिद्यालयमा कक्षा ४ देखि १२ सम्म पढ्ने बिद्यार्थी संख्या एकिन गरी प्रति बिद्यार्थी रू १२५ का दरले ३ महिनाको लागि बिद्यालयलाइ अनुदान दिने र बिद्यालय तहमा संचार सवलीकरण कार्यबिधि-२०७७को बिधि र प्रक्रिया बमोजिम शिक्षक र बिद्यार्थीलाइ सियुजी सेवामा | | शिक्षक,प्रअ, बिव्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आबद् गराइ सिकाइ सहजीकरण कार्यक्रम संचालन गर्ने । | | | | | | |
| | इन्टर्नेट सेवा विस्तार कार्यक्रम | बिधुतको पहुँचमा भएका सबै सामुदायिक अधारभुत र माध्यमिक बिद्यालयहरूलाइ रू १२००० का दरले अनुदान दिने र सो रकमबाट सबै बिद्यालयले इन्टरनेट जडान गरी सुचना प्रविधिमा अधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने । | | शिक्षक,प्रअ, बिब्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |
| | अभिभावक शिक्षा कार्यक्रम | बिद्यालयका प्रत्येक कक्षा शिक्षकलाइ अभिभावक शिक्षा कार्यक्रमकालागि क्षमता अभिवृदी गराइ रेडियोबाट प्रशारण हुने अभिभावक शिक्षा,सिक्दै सकाउँदै जस्ता कार्यक्रमको प्रशारण तालिका उपलब्ध गराउने र अनुगमन गर्ने । | | शिक्षक,प्रअ, बिब्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |
| | अभिभावक शिक्षा कार्यक्रम | हरेक घरमा अभिभावकलाइ सिकाइ सहजीकरणका लागिअबश्यक परेको बखत शिक्षकसँग टेलिफोनमा सम्पर्क गरी सहजीकरण गर्ने तालिम दिइ बालबालिकालाइ टेलिफोनमार्फत | | शिक्षक,प्रअ, बिब्यस,शिअ सं,वडा कार्यालय र नगरपालिका | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सिकाउने गरी सिकाइ कुनाको ब्यबस्थापन गर्न लगाउने । | | | | | | |
| | मनोसामाजिक परामर्श र सहयोग | प्रत्येक बिद्यालयमा २ जना फोकल शिक्षक तोकी मनोपरमर्श सहयोग सम्बन्धि तालिम दिएर अरू शिक्षक र बिद्यार्थीलाइ अबश्यक परेको बेलामा मनो सामाजिक परमर्श सहयोग उपलब्ध गराउने । | | शिक्षक,प्रअ, बिब्यस,शिअसं,वडा कार्यालय र नगरपालिका | | | | |
| २. | आंशिक निषेधाज्ञाभएको अवस्था | | | | | | | |
| | | | | | | | | |
| | गरिब बिपन्न र लक्षित वर्ग पहिचान र शैक्षिक सामाग्री वितरण | बिद्याल शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूको पहिचान गरी बिद्यालय शिक्षामा ल्याउन अबश्यक शैक्षिक सामाग्री वितरणा गर्ने । | | शिक्षक,प्रअ,बिब्यस, शिअसं,वडा कार्यालय र नगरपालिका | | | | |
| | स्वअध्ययन सामाग्री छपाइ र वितरणा | नेपाल सरकार र शिक्षा समुहबाट प्रकाशित अभिभावकको सहयोगमा बालबालिकालाइ घरमा गर्न सकिने स्वअध्ययन छपाइ सामाग्री छपाइ गरी वितरण गर्ने र बेलाबेलामा अनुगमन | एक पटक | शिक्षक,प्रअ,शिअसं, बिब्यस,वडा कार्यालय,नगरपालिका | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावक शिक्षा कार्यक्रम | बिद्यालयका प्रत्येक कक्षा शिक्षकलाइ अभिभावक शिक्षा कार्यक्रमकालागि क्षमता अभिवृदी गराइ रेडियोबाट प्रशारण हुने अभिभावक शिक्षा,सिक्दै सकाउँदै जस्ता कार्यक्रमको प्रशारण तालिका उपलब्ध गराउने र अनुगमन गर्ने । | एक पटक | शिक्षक,प्रअ,शिअसं, बिब्यस,वडा कार्यालय,नगरपालिका | | | | | |
| | मनोसामाजिक परामर्श सहयोग | प्रत्येक बिद्यालयमा २ जना फोकल शिक्षक तोकी मनोपरमर्श सहयोग सम्बन्धि तालिम दिएर अरू शिक्षक र बिद्यार्थीलाइ अबश्यक परेको बेलामा मनो सामाजिक परमर्श सहयोग उपलब्ध गराउने | २ पटक बिद्यर्थीलाइ अबश्यकता अनुरार | नगरपालिका,अन्य सरकारी तथा गैर सरकारी संस्था | | | | | |
| ३. | बिद्यालय संचालनभएको अवस्थामा | | | | | | | | |
| | टोल सिकाइ कार्यक्रम | शिक्षकमार्फत वा टोल सिकाइ संयोजक बनाइ बिद्यार्थीको टोलमा अस्थाइ सिकाइ केन्द्र स्थापना गरी स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाइ सिकाइ सहजीकरण गर्ने | लकडाउन अवधिभर | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो,टेलिभिजन शिक्षा कार्यक्रम | शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट तयार भएका प्रसारण हुने शैक्षिक सामाग्रीको समय तालिका बिद्यार्थीलाइ उपलब्ध गराइ शिक्षकबाट अनुगमन तथा मुल्यांकन गर्ने । | तालिका बमोजिम | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |
| | | | | | | | | | |
| | अनलाइन ,भर्चुअलकक्षा सञ्चालन | बिधुतको पहुँचमा भएका सबै सामुदायिक अधारभुत र माध्यमिक बिद्यालयहरूलाइ रू १२००० का दरले अनुदान दिने र सो रकमबाट सबै बिद्यालयले इन्टरनेट जडान गरी सुचना प्रबिधिमा अधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने । | वर्षमा एक पटक | नेपाल सरकार,संघीय प्रदेस र स्थानीय तह | | | | | |
| | सहयोगमा | प्रत्येक बिद्यालयमा नगर,वडा सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा विपद ब्यबस्थापन सम्बन्धि अकस्मिक कोष निर्माण र परिचालन | | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कोभिड-१९ सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन | बिभिन्न निकायको सहोगमा कोभिड १९ सम्बन्धि प्रचार प्रसार र सचेतनामुलक कार्यक्रम संचालन गर्ने । | अबश्यकता अनुसार | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |
| ४. | विपदपुर्व अवस्था | | | | | | | | |
| | समिति गठन | प्रत्येक वडा,नगर र बिद्यालयमा बिपद ब्यबस्थापन समिति गठन गरी,फोकल शिक्षक तोक्ने, | | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |
| | अभिमुखीकरण ,पूर्वानुमान संयन्त्रको विकास | बिपद ब्यबस्थापन समिति र फोकल शिक्षकलाइ अबश्यक अभिमुखीकरण ,क्षमता विकास हुने खालका कार्यक्रम अयोजना गर्ने । | | शिक्षक,प्रअ,शिअसं,बिब्यस ,वडा कार्यालय,नगरपालिका | | | | | |
| | | स्वास्थ्य,सरसफाइका सामाग्रीको ब्यबस्थापन | | | | | | | |
| | | विपद अनुसारका अबश्यक वस्तुको पहिचान गरी अस्पताल,स्वास्थ्य कर्मी सामाग्री,बेड संख्यमा बृध्दि | | नेपाल सरकार ,सहयोगी संघसंस्था | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | विपदको समय | | | | | | | | |
| | सुरक्षित स्थलको खोजी | | | | | | | | |
| | महामारीको अवस्था हेरी सम्बन्धित क्षेत्र तोकी लकडाउन घोषणा | कोरोना भाइरस जस्ता महामारी रोग फैलिएमा संक्रमणको अवस्था अनुसार सम्बन्धित स्थान,संक्रमणको दर अनुसार लकडाउन गर्ने | विपदको अवधिमा | जिल्ला प्रशासन कार्यालय,नगर,वडा | | | | | |
| ६. | विपदपश्चातको अवस्था | | | | | | | | |
| | राहत तथा उदारका कार्यक्रम | माहामारीको प्रभावमा परेका क्षेत्र,स्थान र ब्यक्ति पहिचान गरी तुरून्तै उद्दार कार्यक्रम परिचालन गरी राहत वितरण गर्ने । | निरन्तर | वडा कार्यालय,नगरपालिका,प्रदेस,संघी सरकार,सरकारी तथ गैर सरकारी संघ संस्था | | | | | |

## ८. सम्भावित चुनौति र समाधानका उपाय

| सम्भावित चुनौति | समाधानका उपाय |
|---|---|
| बन्दाबन्दीको अवस्थामा वालबालिकाको सिकाइमा निरन्तरता दिन | बिद्यालय संचालन मार्गदर्शन २०७७ बमोजिम,वैकल्पिक सिकाइ प्रक्रिया अपनाउने । |
| वैकल्पिक सिकाइका बिधि र प्रक्रिया अपनाउन । | सबै बिद्यालयमा अनलाइन कक्षा र सूचना प्रबिधिमा अधारित सिकाइका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास र ब्यबस्थापन गर्ने |
| साधन र स्रोतलगायत अर्थिक पक्षको ब्यबस्थापन गर्न । | सबै सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा अभिवृदि गर्ने । |
| विपद तथा माहामारीको पूर्वानुमान गर्ने संयन्त्रको विकास गर्न । | |
| शिक्षामा लगानी गर्ने मानसिकताको विकास गर्न | शिक्षा विकासको पुर्वाधारको पनि पुर्वाधार हो भनी सबै तहका सरकारमा शिक्षामा बजेट बढाउन उत्प्रेरित गर्ने । |

## ९. समन्वय र सहकार्य

माथि उल्लेखित कार्य सम्पन्न गर्नका लागि बिषेश गरी नीति तथा मापदण्ड निर्धारण गर्ने काम संघीय तहको हुन्छ भने शिक्षा तथा मानव स्रोत बिकास केन्द्रले यसको कार्यावयन गराउने बजेट निर्धारण गरी सम्बन्धित प्रदेश र स्थानीय तहमा यसको कार्यन्वयन गर्ने मुख्य दायित्व रहेको हुन्छ । यसै गरी स्थानीय निकाय र सम्बबन्धित प्रदेशलाई समन्वय गरी कार्यकम कार्यान्वयन गर्न सहजीकरण गर्ने निकाय शिक्षा बिकास तथा समन्वय इकाई हो जसले संघीय तहसम्म स्थनीय तहको हरेक गतिबिधिबारे जानकारी दिने गर्दछ ।यसै गरी शिक्षा क्षेत्रमा नेपालमा काम गर्दै आइरहेका संघ संस्थाहरुमा युनिसेफ, लाइफ नेपाल लगायतका संस्थाले सहयोग पुर्‍याइरहेको हुनाले यीनै संघसंस्थासँग आगामी दिनमा सहकार्य र समन्वयको अपेक्षा गरिएको छ ।

माथिका कार्यहरूको कार्यान्वयनका लागि तपसिल बमोजिमका निकायहरूसँग समन्वय र सहकार्य गरिने छ ।

- बिद्यालय
- बिद्यालय ब्बस्थापन समिति
- शिक्षक अभिभावक संघ
- गाउँ शिक्षा समिति
- वडा कार्यालय
- स्थानीय,प्रदेश र संघीय सरकार
- सरकारी तथा गैर सरकारी निकायहरू
- पेसागत संघ संगठन,महासंघ
- शिक्षा पत्रकार समुह

१०. अनुगमन प्रक्रिया

माथिका कार्यक्रम कार्यान्वयनका लागि बिद्यालयदेखि माथिल्ला सबै शिक्षा सरोकारवाला निकायसँग अनुगमन संयन्त्रको विकास गरिने छ ।अनुगमनको योजना निर्माण अनुगमनका पक्ष,भोतिक,शैक्षिक ब्यबस्थापकीय,राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम जस्ता बिभिन्न पक्षको नगरस्तरीय अनुगमन समिति गठन गरी परिचालन गरिनेछ ।अनुगमनको वार्षिक प्रगति प्रतिवेदन तयारी र सम्प्रेषण गरिने छ ।अनुगमन कार्यलाइ बिद्यालहरूको सिकाइस्तर वृदिसँग जोड दिइने छ ।बिद्यालयहरूमा अनिवार्यरूपमा ब्यबस्थापन समिति,शिक्षक अभिभावक संघ,सामाजिक परीक्षण समिति गठन गराइ ब्यबस्थापकीय पक्ष र सिकाइ गुणस्तर सुधारको महत्वपूर्ण संयन्त्रको रूपमा विकास गरिने छ ।

## ११. पुनरावलोकन

शिक्षा प्रतिकार्य योजना तयारीपश्चात देहायबमोजिमको अपेक्षा गरिएको छ ।

- शिक्षाको प्रतिकार्य योजना तयारी भएको हुने ।
- शिक्षाको वर्तमान अवस्थाको विष्लेषण भएको हुने ।
- प्रतिकार्य योजनाले राखेको सबै उद्येश्य बिस्तारै पूरा भएको हुने ।
- कोभिड १९ लगायत हरेक विपदको समयमा सिकाइले निरन्तरता पाएको हुने ।
- विपद ब्यबस्थापनको पूर्व तयारी,विपदको समयमा गर्नु पर्ने कार्य र विपदपश्चात गर्नु पर्ने कार्यबारे सम्बन्धित सरोकारवाला पक्षहरू सुशुचित भएका हुने ।
- बिधालयमा मनोसामाजिक परामर्शकर्ता,विपद फोकल शिक्षक लगायत शिक्षक,बिधार्थी सबैले सहयोग प्राप्त भएको हुने ।
- शिक्षामा सबै सरोकारवाला पक्षहरूमा अवश्यक सहयोग र समन्वयको विकास भएको हुनेछ ।

## १२. स्रोत नंक्सांकन

यस प्रतिकार्य योजनाको कार्यान्वयनको लागि सबै सामुदायिक बिधालयमा इन्टरनेट जडान , सुरक्षा र स्वास्थ्य सरसफाइ सामाग्री खरिद र स्वअध्ययन छपाइ कक्षा ४-५ सामाग्री संघीय सरकारबाट प्राप्त भएको छ ।स्वअध्ययन सामग्री बालबिकासदेखि कक्षा ३ सम्म युनिसेफ नेपालको सहयोगमा सबै बिधालयमा वितरण भएको छ । मनोसामाजिक परमर्श सहयोगका लागी फोकल शिक्षकलाइ अभिमुखीकरणमा टिपीअनेपाल,युनिसेफ नेपाल,लाइफ नेपाल जस्ता सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले सहयोग गरिरहेका छन्।

## १३. स्थानीय तह शिक्षा क्लस्टरको विवरण :

<u>गाउँ शिक्षा समिति</u>

| | |
|---|---|
| १. श्री चन्दन कुमार सिंह (गा.पा.अध्यक्ष) | संयोजक |
| २. श्री मिश्रीलाल सहनी (वडा अध्यक्ष, वार्ड न.४) | सदस्य |
| ३. श्री लखिन्द्र प्रसाद यादव (वार्ड अध्यक्ष,वार्ड न.५) | सदस्य |
| ४. श्री छठिया देबी नुनियाईन (कार्यपालिका सदस्य) | सदस्य |
| ५.श्री सिकिन्द्र प्रसाद साह (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| ६. श्री गगनदेव प्र.सहनी (प्र.अ.) | सदस्य |
| ७. श्री रीतिका दाहाल | सदस्य सचिव |

चन्दन कुमार
अध्यक्ष